# रिमाल समाजको

## विधानमा दोश्रो संशोधन गर्ने
## वुंदाहरू
(पाँचौ साधारण सभामा राखिने प्रस्ताव)

२०७२ भाद्र २६ गते

# रिमाल समजको साविक विधानमा संशोधन र थप गर्नू पर्ने वूंदाहरु

प्रशासकीय अधिकृत

| क्र.सं. | साविकको परिच्छेद, दफा र उपदफाहरु | साविकमा भएको व्यहोरा | संशोधन पछि हूने व्यहोरा | संशोधन गर्नू पर्ने कारण |
|---|---|---|---|---|
| १ | परिच्छेद २, दफा ५ (ख) | संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ । | संस्थालाई आवश्यक पर्ने भवन लगायतका संरचनाहरुको निर्माणकालागि जग्गा खरिद गर्नेछ वा दाताहरुबाट स्वेच्छाले नि:शूल्क रुपमा प्रदान गरेमा स्वीकार गरी नियमानूसार प्राप्ति गरी लिनेछ वा भाडामा वा लिजमा लिनेछ, भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ । | संस्थालाई आवश्यक पर्ने भवन लगायतका संरचनाहरुको निर्माणका लागि जग्गा समेत आवश्यक पर्ने हूदा जग्गा प्राप्ति सम्वन्धी व्यवस्था छूट भएकोले संशोधन गर्नू परेको । |
| २ | परिच्छेद ३, दफा ६, (ग) | आजिवन सदस्य: संस्थाको विकासको लागि विशेष सहयोग दान पूर्‍याउने व्यक्तिलाई तोकिएको प्रकृया अन्तर्गत आजिवन सदस्यता प्रदान गरिनेछ | आजिवन सदस्य: संस्थाको विकासको लागि विशेष योगदान पूर्‍याउने व्यक्तिलाई तोकिएको प्रकृया अन्तर्गत आजिवन सदस्यता प्रदान गरिनेछ | प्रिन्ट»मा सच्याउनू पर्ने भएकोले |
| ३ | परिच्छेद ३, दफा १०, उपदफा ३ | संस्थामा एकमूष्ट रु. ५,०००।( बूझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिलाई कार्य समितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सक्नेछ । | नेपालको महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरुमा स्थायी वसोवास भएका हरुले संस्थामा एकमूष्ट रु. ५,०००।( र उक्त स्थानहरु देखी वाहेकका गा.विस.हरुमा स्थायी वसोवास भएकाहरुले | आय श्रोतको आधारमा आजिवन सदस्यता शूल्कमा सकारात्मक विभेद गर्न खोजिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | एकमूष्ट रु.२,५००।( बूझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिलाई कार्य समितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सक्नेछ । | |
| ४ | परिच्छेद ४, दफा ११, उपदफा १ | यस संस्थाको विधानको दफा ७ अनूसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु वाहेक अन्य सदस्यहरुबाट संस्थाको प्रत्येक शाखाको साधारण सभा गठन हूने छ । प्रत्येक शाखाबाट विनियम वमोजिम केन्द्रीय साधारण सभाको लागि निर्वाचित भई जाने र साविकमा केन्द्रीय कार्य समितिका पदाधिकारीहरु र केन्द्रीय कार्य समितिले तत्काल मनोनय गरेका व्यक्तिहरु केन्द्रीय साधारण सभाका सदस्यहरु हूनेछन । यसरी मनोनयन हूनेको संख्या कूल सदस्य संख्याको ५ प्रतिशत भन्दा वढी हूने छैन र यसरी हूने मनोनयनमा सर्वसम्मतीले निर्णय भएको हूनू पर्ने छ। शाखाहरु गठन नभए सम्म सवै आजिवन र साधारण सदस्यहरु केन्द्रीय साधारण सभाका सदस्य हूनेछन । शाखा कार्य समितिहरु गठन नभए सम्मको लागि पहिलो साधारण सभामा रिमाल समाजका आजिवन सदस्य र साधारण सदस्यहरु केन्द्रीय साधारण सभाका सदस्य हूने छन । मानार्थ सदस्य आमन्त्रित हूने छन । केन्द्रीय | यस संस्थाको विधानको दफा ७ अनूसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु वाहेक अन्य सदस्यहरुबाट संस्थाको प्रत्येक शाखाको साधारण सभा गठन हूने छ । प्रत्येक शाखाबाट विनियम वमोजिम केन्द्रीय साधारण सभाको लागि निर्वाचित भई जाने प्रतिनिधहरु, साविकमा केन्द्रीय कार्य समितिका पदाधिकारीहरु, केन्द्रीय कार्य समितिबाट आजिवन वा साधारण सदस्यता प्राप्त गरी कूनै शाखा संग आवद्ध नभएका सदस्यहरु तथा यस विधान बमोजिम शाखा कार्य समिति गठन भई नसकेका स्थानका आजिवन तथा साधारण सदस्यहरु र केन्द्रीय कार्य समितिले तत्काल मनोनय गरेका व्यक्तिहरु केन्द्रीय साधारण सभाका सदस्यहरु हूनेछन । यसरी मनोनयन हूनेको संख्या कूल सदस्य संख्याको ५ प्रतिशत भन्दा वढी हूने छैन र यसरी हूने मनोनयनमा सर्वसम्मतीले निर्णय भएको हूनू पर्ने छ। मानार्थ सदस्य आमन्त्रित हूने छन । केन्द्रीय साधारण सभा संस्थाको सर्वोच्च अंग हूनेछ । | शाखा कार्य समितिहरु गठन नभएका स्थानका सदस्यहरुलाई समेत संस्थाको कार्यक्रम तथा गतिविधिहरुमा सहभागी गराउनू पर्ने भएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | साधारण सभा संस्थाको सर्वोच्च अंग हूनेछ । | | |
| ५ | परिच्छेद ४, दफा १३, उपदफा १ | साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने कम्तिमा १७ सदस्यीय एक केन्द्रीय कार्य समिति गठन हूनेछ:<br>अध्यक्ष<br>१<br>वरिष्ठ उपाध्यक्ष १<br>उपाध्यक्ष:<br>३<br>सचिव<br>१<br>कोषाध्यक्ष<br>१<br>सदस्यहरु:<br>१०<br>शाखा कार्य समितिमा शाखा अन्तर्गतका सदस्यहरुबाट कम्तिमा ७ सदस्यीय कार्य समिति चयन हूनेछ । जसमा निम्न वमोजिमका पदाधिकारीहरु रहने छन ।<br>अध्यक्ष १<br>उपाध्यक्ष १<br>सचिव १<br>कोषाध्यक्ष १<br>सदस्यहरु कम्तिमा ३ जना र ३ जना भन्दा वढी हूने भएमा कार्य समिति विजोर संख्यामा हूने गरी तय गरिने छ । | साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने गरी १९ सदस्यीय एक केन्द्रीय कार्य समिति गठन हूनेछ:<br>अध्यक्ष<br>१<br>वरिष्ठ उपाध्यक्ष १<br>उपाध्यक्ष: ५ (सम्भव भए सम्म सवै विकास क्षेत्रको भौगोलिक प्रतिनिधित्व हूने गरी राख्ने)<br>महासचिव<br>१<br>कोषाध्यक्ष<br>१<br>सदस्यहरु:<br>१०<br>शाखा कार्य समितिमा शाखा अन्तर्गतका सदस्यहरुबाट कम्तिमा ७ सदस्यीय कार्य समिति चयन हूनेछ । जसमा निम्न वमोजिमका पदाधिकारीहरु रहने छन ।<br>अध्यक्ष १<br>उपाध्यक्ष १<br>सचिव १<br>कोषाध्यक्ष १<br>सदस्यहरु कम्तिमा ३ जना र ३ जना भन्दा वढी हूने भएमा कार्य समिति विजोर संख्यामा हूने गरी तय गरिने छ । | |
| ६ | परिच्छेद १३ दफा २, | केन्द्रीय सभाको प्रतिनिधि: कम्तिमा १ जना र ३० जना भन्दा वढी सदस्य भएमा प्रति ३० जना वरावर १ जना | केन्द्रीय सभाको प्रतिनिधि: कम्तिमा १ जना र ३० जना भन्दा वढी सदस्य भएमा प्रति ३० जना वरावर १ जना | |